२०८१ सालको कार्यविधि नं. १०

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ | संख्याः १० | मितिः२०८१।०७।०२

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका क्षेत्रका कृषकहरुले उत्पादन गरेका कृषि उपजलाई सहज ढुवानीको पहुँच पुऱ्याई उत्पदन देखि बजारसम्म पुऱ्याउँदा हुने क्षति न्यूनीकरण गर्ने उद्देश्यले हेटौंडा उपमहानगरपालिकाले कृषि एम्बुलेन्स खरीद गरी सेवा सञ्चालनार्थ विधि तय गरी सञ्चालनमा ल्याउन वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद — १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा**ः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कर्यविधिमाः

क) "कृषि एम्बुलेन्स" भन्नाले हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गर्ने कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनु पर्छ ।

ख)"नगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई जनाउँछ ।

ग) "प्रस्तावक" भन्नाले नगरपालिकामा दर्ता भई सक्रियरुपमा सञ्चालनमा रहेका कृषक समूह/कृषि सहकारीलाई बुझाउने छ।

घ) "कृषक समूह" भन्नाले व्यवसायिक कृषि प्रणाली अबलम्बन गर्ने उद्देश्यको लागि गठन भएका १५ देखि २५ जना सम्मानको कृषकहरुको समुहलाई बुझाउनेछ।

ङ) "कृषि सहकारी" भन्नाले कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागि ३० जना भन्दा वढी कृषकहरु मिलि सहकारी ऐन, २०७४ अनुसार दर्ता भई संचालानमा रहेको संस्थालाई बुझाउनेछ ।

च) " कृषि उपज" भन्नाले व्यवसायिक प्रयोजनको उद्देशयले उत्पादन गरिएका कृषि/पशुजन्य उत्पादनलाई सम्झनुपर्छ ।

छ)"ढुवानी साधन" भन्नाले कृषि एम्बुलेन्सलाई जनाउँछ।

ज) "आवेदक" भन्नाले कृषि एम्बुलेन्स सञ्चालन कार्यका लागि नगर कार्यपालिकाको कार्यालयमा आवेदन दिएका कृषि सहकारी वा कृषक समुहलाई सम्झनु पर्छ।

झ)"साझेदार संस्था"भन्नाले कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने संस्थाहरु मध्यबाट छनौट भई कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि सम्झौता भएको संस्थालाई सम्झनुपर्छ ।

३. **उद्देश्यः** यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिमको हुनेछ।

क) उच्च मुल्य भएका र सिघ्र नासवान हुने कृषि उपज, पशुजन्य उत्पादनलाई छिटो, छरितो, सुरक्षित, सहज र गुणस्तरीय ढुवानीको व्यवस्था गर्ने ।

ख) कृषकहरुले उत्पादन गरेका कृषि उपजको प्रशोधन एवम् बजार स्थलसम्म पुऱ्याउँदा हुने क्षती न्यूनीकरण गरी नोक्सनीबाट जोगाई आय आर्जनमा वृद्धि गर्ने ।

ग) कृषि उपजको उत्पादन पश्चात हुने क्षति न्यूनीकरण गरि उपभोक्तासम्म गुणस्तरीय उत्पादन पुऱ्याउने ।

## परिच्छेद — २
## सञ्चालन विधि

४. **कृषि एम्बुलेन्स सेवा सञ्चालनः** यो सेवा नगरपालिकाभित्र उत्पादित कृषि उपजलाई बजारीकरणका लागि ढुवानी गर्न आवश्यक भएको स्थानमा सञ्चालन हुनेछ । साथै नगरपालिका क्षेत्र भन्दा बाहिर सेवा दिनु पर्ने अवस्था सिर्जना भएमा दफा ८ बमोजिमको स्वीकृतीमा सञ्चलान गर्न सकिनेछ ।

**५. प्रस्ताव माग गर्नेः**

क) कृषि एम्बुलेन्स सेवा सञ्चालनको लागि सहयोग पुऱ्याउन अनुदान दिने उद्देश्यले नगरपालिकाको कार्यालयले १५ (पन्ध्र) दिनको म्याद दिई स्थानीय पत्रिका/रेडियो/एफ.एम./अनलाइन पत्रिका मार्फत प्रस्ताव आह्वान गरी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ । उक्त सूचना नगर कार्यपालिकाको कार्यालयको वेबसाइटमा समेत राख्नेछ ।

ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन पश्चात आवेदकले अनुसूची-२ बमोजिमको निवेदन साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

१. निवेदनका साथ कृषि सहकारी वा कृषक समूहको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

२. सम्बन्धित वडा कर्यालयबाट प्रस्तावक संस्थाले कृषि उपज ढुवानी सेवामा दोहोरो सहयोग नलिएको साथै साझेदारीका लागि लेखिएको सिफारिस पत्र,

३. कृषक समूह वा कृषि सहकारीको कार्य समितिको बैठकले कृषि एम्बुलेन्स सेवा सञ्चालनमा साझेदारी गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

४. कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रस्तावकको अनुसूची-४ वमोजिमको प्रतिबद्धता पत्र साथ सञ्चालन गर्ने प्रतिबद्धता,

**६. मुल्यांकनः**

क) नगरपालिकाको दफा ८ बमोजिमको समितिले प्रस्ताव अध्ययन गरि स्वीकृतार्थ नगर कार्यपालिकाको बैठकमा पेश गर्नेछ ।

ख) नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको प्रस्तावको जानकारी सम्बन्धित प्रस्तावकलाई गराइनेछ।

**७. सम्झौताः** नगर कार्यपालिकाको निर्णय बमोजिम छनौट भएको प्रस्तावकलाई आर्थिक विकास महाशाखाबाट अनुसूची-५ बमोजिम सम्झौता गराईनेछ।

## परिच्छेद-३

## संस्थागत व्यवस्था

**८. नगरपालिकास्तरीय कृषि एम्बुलेन्स सेवा सञ्चालक समितिको गठनः**

**क) कृषि एम्बुलेन्स सेवा सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ ।**

१) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

२) आर्थिक विकास माहाशाखा प्रमुख — सदस्य

३) कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

**ख) कृषि एम्बुलेन्स सेवा सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१. सञ्चालक समितिको निर्णयले कृषि सहकारी वा कृषक समूहले तीन सदस्यीय कृषि एम्बुलेन्स सेवा सञ्चालन उपसमिति गठन गर्न सक्नेछ ।

२. ढुवानी साधन परिचालनका सम्बन्धमा सम्पूर्ण जिम्मेवारी उपसमितिमा निहित रहने छ भने अन्तिम निर्णय सञ्चालक समितिको हुनेछ ।
३. नगरपालिका भन्दा बाह्य स्थानहरुबाट उत्पादित कृषि उपज ढुवानी गर्नु पर्दा यस समितिको पूर्व अनुमति लिनु पर्नेछ।
४. उपसमितिको मासिक प्रतिवेदनको आधारमा त्रैमासिक कार्य प्रगति तथा प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।

**ग. कृषि एम्बुलेन्स सेवा सञ्चालक उपसमितिको काम, कर्तव्य र अधिकारः**

१. ढुवानी साधनको मर्मत सम्भार गर्नु पूर्व मेकानिकल इन्जिनियर समेत प्रयोग गरी अनुगमन तथा निरिक्षण गर्ने/गराउने ।
२. ढुवानी साधनको सञ्चालनको क्रममा भई आएका दैनिक आम्दानी तथा खर्च विवरण विल भर्पाईको प्रतिलिपिसाथ संचालक समिति सामु मासिक प्रगति प्रतिवेदन सहित प्रस्तुत गर्ने ।
३. संस्थाको आर्थिक समृद्धिका लागि पूर्ण जिम्मेवार भई कार्य गर्ने ।
४. ढुवानी बिस्तारका लागी व्यक्ति, संघ, संस्थासँग समन्वय/सम्पर्क गर्ने ।
५. चालकलाई काम काजमा खटाउने, रेखदेख, निरिक्षण, मूल्याङ्कन सम्बन्धी कार्य सम्पादन गर्ने।
६. चालकको दैनिक हाजिरी रेकर्ड राख्न लगाउने र निरिक्षण तथा स्वीकृत गर्ने ।
७. ढुवानी साधन तथा अन्य सवारी साधनको लगबुक अद्यावधिक राख्न लगाउने र हरेक महिना उपसमितिले तोकेको व्यक्तिले स्वीकृत गर्ने ।
८. दैनिक रुपमा ढुवानी साधनलाई चुस्त दुरुस्त राख्ने/राख्न लगाउने ।
९. ढुवानी साधन काममा नभएको अवस्थामा सुरक्षित स्थानमा पार्किङ्गको व्यवस्था गर्ने ।
१०. ढुवानी साधनको ब्लू बुक नविकरण, बीमा र सरकारी करहरु नियमितरुपमा तिर्ने व्यवस्था मिलाउने ।
११. ढुवानी साधनले सञ्चालनको क्रममा कानून बिपरितका क्रियाकलाप गरेमा तथा कुनै पनि दुर्घटनाबाट सृजित सम्पूर्ण दायित्वको जिम्मेवारी साझेदार संस्थाको हुनेछ।

**घ. चालकको पारिश्रमिक तथा सेवा सुविधाः**

१. चालक कर्मचारीको तलब तथा सेवा सुविधा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
२. चालकको दुर्घटना बिमा गर्नुपर्नेछ।
३. चालक कर्मचारीको तलब, सेवा, सुविधा, बिमा लगायतको दायित्व साझेदार संस्थाको हुनेछ।

**ङ. चालक कर्मचारीको काम, कर्तव्य र अधिकारः**

क) चालक कर्मचारीको काम, कर्तव्य र अधिकार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
ख) ढुवानी साधनको परिचालन साझेदार संस्थाले गर्नेछ र सो को नियमन दफा ८ बमोजिमको समितिले गर्नेछ ।

**च. आम्दानी, दायित्व र ह्रास कट्टिः**

१. आम्दानीः आम्दानी भन्नाले बहालमा ढुवानी साधन सञ्चालन गर्दा आर्जित हुन आउने सम्पूर्ण रकमलाई जनाउनेछ र यस्तो किसिमको रकमलाई कृषि सहाकारी वा कृषक समूहको आम्दानीको रुपमा बाँधिनेछ ।

२. दायित्वः दायित्व भन्नाले ढुवानी साधन खरिद गर्दा लिएको कुनै किसिमको ऋण वा सेवा, सर्त र सम्झौतामा उल्लेख भए बमोजिम फिर्ता गर्नुपर्ने रकमलाई बुझिन्छ।

३. ह्रासकट्टीः ढुवानी साधनको ह्रासकट्टी प्रचलित कानून बमोजिम हुनेछ।

४. साझेदार संस्थाले आम्दानीको २०% हुन आउने रकम मासिक रुपमा एउटा संयूक्त खाता खोली बचत गर्नु पर्नेछ।

**छ. ढुवानी साधन सञ्चालनमा चालकले अनिवार्य अवलम्बन गर्नु पर्ने सर्तहरुः** सम्झौतामा उल्लेख भए देखि बाहेकका अन्य सेवा, सर्तहरु उपसमितिले तोके बमोजिम हुनेछ।

**ज. भाडा दर निर्धारणः** साझेदार संस्थाले ढुवानी साधन सञ्चालन गर्दा लिने भाडा दरको निर्धारण अनुसूची-३ अनुसार दफा ८ बमोजिमको समितिले निर्धारण गर्ने र अनुमोदनका लागि नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**९. प्रस्ताव मूल्यांकनको मापदण्डहरुः** कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रस्ताव छनौटमा तपशिल बमोजिमका आधारहरुलाई प्राथमिकता दिइनेछः

क) कृषि एम्बुलेन्स सेवा सञ्चालन हुने स्थानमा कृषि उत्पादनको विविधता र सो को अनुपात,

ख)कृषि उपज संकलन केन्द्र र बजार देखिको दुरी, व्यवसायिक कृषकको बाहुल्यता, फलफुल तरकारी जस्ता छिट्टै सडेर जाने किसिमका कृषि उपजको उत्पादन क्षेत्रलाई प्राथमिकता,

ग) साझेदार संस्थाको संस्थागत क्षमता र अनुभव ।

**१०. धरौटी रकम र भुक्तानी प्रक्रियाः**

क) छनौट भएको साझेदार संस्थाले सम्झौता गर्नु पूर्व रु.३,००,०००।००(अक्षरुपी तीन लाख रुपैंया मात्र।) रकम धरौटीको रुपमा नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ । उक्त धरौटी रकम सम्झौता अवधि समाप्त भऐको मितिले एक वर्ष भित्र नगरपालिकाले साझेदार संस्थालाई फिर्ता गर्नुपर्नेछ।

ख) कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्दा हुन आउने सञ्चालन खर्च तथा मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी साझेदार संस्थाको हुनेछ ।

ग) साझेदार संस्थाले सम्झौता पश्चात कम्तिमा ५(पाँच) वर्ष सम्म अविछिन्न रुपमा सम्झौतामा उल्लेखित सेवा, सर्त बमोजिम सेवा सञ्चालन गर्नुपर्नेछ ।

घ) संस्थाको गम्भिर लापरवाहिका कारण ढुवानी साधनमा ठुलो नोक्सानी भएमा नगरपालिकाले सम्झौता रद्द गरि धरौटी वापतको रकम कार्यालयको निर्णयले जफत गर्न सक्नेछ ।

## परिच्छेद — ४
## अनुगमन र विविध

**११. अनुगमन तथा मुल्यांकनः**

क) दफा ८ बमोजिमको समिति र आर्थिक विकास समिति समेतको संलग्नतामा यस कार्यविधि अनुसार संचालित कृषि एम्बुलेन्स सेवा सञ्चालनको अनुगमन तथा मूल्याङ्कन हुनेछ ।

ख) कम्तिमा महिनाको एक पटक निरीक्षण गरी सोको अनुगमन प्रतिवेदन तयार गरी सदस्य सचिवले समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

**१२. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै कानूनी जटिलता वा द्विविधा उत्पन्न भएमा सोको बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**१३. संशोधनः** यो कार्यविधि नगर कार्यापालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

१४. साझेदार संस्थासँग सम्झौता नभएको अवधिमा यसै कार्यविधि बमोजिम नगरपालिका आफैले सञ्चालन गर्नेछ ।

हेटौंडा राजपत्र

**अनुसूची-१**
**(दफा ५ (क) सँग सम्बन्धित)**
**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश**

**कृषि एम्बुलेन्स सेवा सञ्चालनको प्रस्ताव आह्वान सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मितिः...............गते

हेटौंडा उपमहानगरपालिकाबाट खरिद भई सञ्चालनको क्रममा रहेको कृषि एम्बुलेन्सबाट कृषि तथा पशुजन्य उत्पादनलाई उत्पादन स्थलदेखि बजारसम्म सहज ढुवानी गर्ने उद्देश्यले साझेदारीमा कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि इच्छुक प्रस्तावकहरु (कृषक समूह/कृषि सहकारी) ले तपशिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>पेश गर्नुपर्ने कागजातहरुः</u>**

- सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- पान/करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस पत्र ।
- प्रस्तावक संस्थाले धरौटी स्वरुप रु. तीन (३) लाख साझेदारी गर्ने रकम श्रोत सहितको प्रतिबद्दता पत्र आवेदन साथ पेश गर्नुपर्नेछ र सम्झौताको बखत सो रकम उपमहानगरपालिकाको बैंक खातामा जम्मा गर्नुपर्ने छ ।
- प्रस्तावक संस्थाले सो सेवा सञ्चालनको कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा संयूक्त बैंकिङ कोष खडा गरि बचत गर्ने प्रतिबद्धता सहितको पत्र ।

**पुनश्चः** प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार उपमहानगरपालिकाको निहित रहनेछ ।
**नोटः** सूचनाको विषयमा थप जानकारीका लागिः
सम्पर्क व्यक्तिः ...............................................
सम्पर्क नं. ....................................................

## अनुसूची-२
## (दफा ५ (ख) सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः२०८...।....।....
हेटौंडा उपमहानगरपालिका ।

**विषयः कृषि एम्बुलेन्स सेवा सञ्चालनमा साझेदारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस हेटौंडा उपमहानगरपालिकाबाट मिति ........................... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो ................................................ कृषक समूह/ कृषि सहकारीले कृषि एम्बुलेन्स साझेदारीमा सञ्चालन गर्न इच्छुक भएकोले यो निवेदन पेश गरेको छौं ।

निवेदक

.................

निवेदन साथ संलग्न कागजातहरु

- कृषक समूह/कृषि सहकारी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- पान/करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि ।
- वडा कार्यालयको सिफारीस पत्र ।
- धरौटी स्वरुप रु. तीन (३) लाख साझेदारी गर्ने रकम श्रोत सहितको प्रतिबद्दता पत्र ।
- सेवा सञ्चालनको कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा संयूक्त बैंकिङ कोष खडा गरि बचत गर्ने प्रतिबद्धता सहितको पत्र ।

**अनुसूची-३**
**(दफा ८ को (ज) सँग सम्वन्धित)**
**हेटौंडा उपमहानगरपालिका**

कृषि एम्बुलेन्स सेवा सञ्चालन समितिले निम्नानुसारको ढाँचामा कृषि उपज ढुवानी भाडा दर तयार गरि नगरकार्यपालिकाले अनुमोदन गर्ने।

१. कृषि सहकारी\कृषक समूहले ढुवानी साधन सञ्चालन गर्दा प्रतिकिलो उपजको प्रतिकिलो मिटर ढुवानी शुल्क

| क.स. | कच्ची सडक | | पक्कि सडक | | कैफियत |
|---|---|---|---|---|---|
| | सदस्यका लागि | गैरसदस्यका लागि | सदस्यका लागि | गैरसदस्यका लागि | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. कृषि सहकारी\कृषक समूहले ढुवानी साधन सञ्चालन गर्दा प्रति गोटा संख्याको आधारमा

| क.स. | कच्चीसडक | | पक्किसडक | | कैफियत |
|---|---|---|---|---|---|
| | सदस्यकालागि | गैरसदस्यका लागि | सदस्यका लागि | गैरसदस्यका लागि | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. कृषि सहकारी\कृषक समूहले ढुवानी साधन सञ्चालन गर्दा बजार दररेटको आधारमा रिजर्भ

| क.स. | देखि | सम्म | रु. सदस्यका लागि | रु. गैरसदस्यका लागि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची-४**

**(दफा ५ (ख) को ४ सँग सम्वन्धित)**

**हेटौंडा उपमहानगरपालिका**

**<u>प्रतिवद्धता पत्र</u>**

हेटौंडा उपमहानगरपालिकाको मितिः ........................ को सूचना अनुसार कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न इच्छुक भएकाले कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ बमोजिमको धरौटी रकम रु.३,००,०००।०० (अक्षरुपि तीन लाख रुपैंया मात्र।) व्यहोर्न मन्जुर भई लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दै कम्तिमा ५(पाँच) वर्ष सम्म निरन्तरता दिनेछौं । सम्झौता बमोजिम कार्य नगरेमा वा सम्झौता अवधि ५ वर्ष अगावै सो कार्य बन्द गरेमा हेटौंडा उपमहानगरपालिकाले सम्झौता रद्ध गरि धरौटी जफत गर्न मञ्जुर रहेको व्यहोराको प्रतिवद्धता व्यक्त गर्दछौं । अन्यथा प्रचलित कानून बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

इति सम्बत २०.............साल............... महिना...........गते...................... रोज शुभम।

**प्रस्तावकको तर्फबाटः**

नाम/थरः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नः

दस्तखतः

छापः

| दाँया | बाँया |
|---|---|
| | |

हेटौंडा राजपत्र

## अनुसूची - ५
## (दफा ७ सँग सम्बन्धित)
## हेटौंडा उपमहानगरपालिका
## सम्झौता पत्र

मितिः ................................ का दिन यस हैटौंडा उपमहानगरपालिकाको कार्यालय (यसपछि प्रथमपक्ष भनिने) र ................................ कृषि सहकारी/ कृषक समूह (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तहरुको अधिनमा रही कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ बमोजिम उक्त सेवा सञ्चालन गर्न यो सम्झौता गरी एक एक प्रति लियौं दियौं।

<u>तपशिल</u>

१. नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश पालना गर्नुपर्नेछ।
२. ढुवानी साधन चलाउन आधिकारिक चालकले मात्र चलाउन पाउने छ र लोड वा अनलोड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन।
३. दोस्रो पक्षले सेवा सञ्चालन गर्दा कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा संयूक्त बैंकिङ्ग कोष खडा गरि बचत गर्नु पर्ने र सो को जानकारी प्रथम पक्षलाई दिनु पर्ने।
४. कृषि एम्बुलेन्स सेवाले सञ्चालित क्षेत्रको कृषि तथा पशुजन्य उत्पादन सामाग्रीलाई मात्र ढुवानी सेवा उपल्बध गराउनु पर्ने र ढुवानी गर्दा अति सिमान्तकृत वा निम्न आय भएका किसानका कृषि वस्तु ढुवानी गर्न प्रथमिकता दिनुपर्ने छ।
५. कृषि एम्बुलेन्सको ब्लू बुक, नविकरण, बीमा र सरकारी करहरु नियमित रुपमा तिर्ने व्यवस्था दोश्रो पक्षले मिलाउनु पर्नेछ।
६. सामाग्री ढुवानी ओसार पसार गर्दाको सञ्चालक समितिले निर्धारण गरेको भाडा दर अनिवार्य रुपमा पालना गर्नुपर्ने।
७. सम्झौता बमोजिम कम्तिमा ५ वर्ष निरन्तर रुपमा कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्नेछ।
८. सवारी चालकको तलब, सेवा, सुविधा लगायतका सम्पूर्ण दायित्व दोस्रो पक्षको हुनेछ ।
९. यस सम्झौतामा उल्लेख भएका विषयहरु यसै सम्झौता बमोजिम हुनेछ । सो सँग सम्बन्धित अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फ बाट | रोहवर | दोश्रो पक्षको तर्फबाट |
|---|---|---|
| ..................... | ..................... | ......................... |
| आर्थिक विकास महाशाखा प्रमुख<br>हेटौंडा उपमहानगरपालिका | कृषि शाखा प्रमुख | अध्यक्ष |

**<u>आज्ञाले</u>**
**सूर्य प्रसाद गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा उपमहानगरपालिका